| प्रमाणिकरण |
|---|
| बैजु प्रसाद गुप्ता |
| अध्यक्ष |
| मितिः२०८२/०४/१४ |

# पाल्हिनन्दन गाउँपालिकाको यातायात तथा सवारी व्यवस्थापन सम्बन्धी कार्यविधि-२०८२

कार्यपालिकाबाट स्वीकृत मितिः२०८२/०४/१४

## प्रस्तावना

पाल्हीनन्दन गाउँपालिका पूर्व तिर सरावल गाउँपालिका, पश्चिम तर्फ रुपन्देही जिल्लाको रोहीणी गाउँपालिका उत्तरतर्फ रामग्राम नगरपालिका र दक्षिण तर्फ भारतको महाराजगंज सम्म जोडीएको व्यापारिक एवं आर्थिक नगरीको रुपमा मुलकैभर परिचित पाल्हिनन्दनगाउँपालिका को क्षेत्राधिकार भित्र परी गाँउ क्षेत्रमा गुडने सबै इरिक्सा र अटोरिक्सा सवारी साधानहरुको दर्ता, रुट निर्धारण, संचालन अनुमती, नविकरण र खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन, पार्किङ क्षेत्र र स्टपेज निर्धारण एवं अपाङगता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानिय तहमा प्रर्बद्धन गर्दै व्यवस्थित रुपमा संचालन गर्नका लागी पाल्हिनन्दन गाउँपालिकाको कार्यपालिका बैठकले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ (७) बमोजिम यो सवारी तथा यातायात व्यवस्थापन कार्यविधि २०८२ बनाइ जारी गरेको छ ।

परिच्छेदः- १

### १.संक्षिप्त नाम र प्रारम्भ

क.यस कार्यविधिको नाम "पाल्हिनन्दन गाउँपालिकाको यातायात तथा सवारी व्यवस्थापन कार्यविधि-२०८२ "रहनेछ ।

ख.यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "कार्यविधि" भन्नाले पाल्हिनन्दन गाउँपालिकाको यातायात तथा सवारी व्यवस्थापन कार्यविधि २०८२ लाई सम्झनु पर्नेछ ।

ख. "कार्यपालिका" भन्नाले पाल्हिनन्दन गाउँपालिकाको कार्यपालिकालाई जनाउनेछ ।

ग. "तोकिएको" वा "तोकिए बमोजिम भन्नाले यस कार्यविधि वा गाँउकार्यपालिका बैठकले बेलाबेलामा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

घ. "ऐन" भन्नाले सवारी तथा यातायात व्यवस्था सम्बन्धी ऐन २०४९ लाई सम्झनु पर्नेछ ।

ङ. "सवारी" भन्नाले पाल्हिनन्दन गाउँपालिका भित्र (निजी, सार्वजनिक तथा सरकारी) चल्ने इ-रिक्सा,टेम्पु र अटोरिक्सालाई सम्झनु पर्दछ ।

च."बैठक" भन्नाले पाल्हीनन्दन गाउँपालिकाको कार्यपालिका बैठक सम्झनु पर्दछ ।

छ."न्यायिक समिति" भन्नाले पाल्हीनन्दन गाउँपालिकाको न्यायिक समिति सम्झनु पर्दछ ।

ज. "न्यायिक समितिको सचिवालय" भन्नाले पाल्हीनन्दन गाउँपालिकाको न्यायिक समितिको सचिवालयलाई सम्झनु पर्दछ ।

झ."फिरादपत्र" भन्नाले निबेदन वा उजरीपत्रलाई सम्झनु पर्दछ ।

ञ."अध्यक्ष" भन्नाले पाल्हीनन्दन गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ट."उपाध्यक्ष" भन्नाले पाल्हीनन्दन गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

## परिच्छेद-२

### ३. उदेश्य

यस कार्यविधिको उदेश्य निम्न अनुरुप रहेको छ ।

क) पाल्हिनन्दन गाउँपालिका भित्र संचालन हुने सवारी साधनहरुलाई व्यवस्थित रुपले संचालन गर्ने ।

ख) सार्वजनिक सवारी साधानहरुका लागी पार्किङ स्थल तोक्ने ।

ग) सार्वजनिक रुपमा संचालन हुने भाडाका सवारी साधानहरुको रुट तोक्ने र इजाजत दिने ।

घ) आवश्यक्ता अनुरुप गाउँपालिका क्षेत्रमा निजि क्षेत्रका अतिरिक्त गाउँपालिकाले आफनै तर्फबाट टेम्पो,इ-रिक्सा र अटो रिक्सा संचालन गर्ने ।

ङ) सम्पुर्ण गाँउवासिको सार्वजनिक यातायातमा पहुँच बृद्धी गर्नका लागी सबै वडामा पुग्ने गरी इरिक्सा र अटोरिक्सा संचालनमा ल्याउने ।

च) गाउँपालिका भित्र संचालन हुने भाडामा सवारी साधनहरुको दर्ता एवं नविकरण प्रकृयालाई व्यवस्थित गर्ने ।

छ) गाँउ क्षेत्रमा विशेष गरी ट्राफिक भिडभाड रहने र जाम हुने क्षेत्रमा जिल्ला ट्राफिक कार्यालय सँग समन्वय गरी रोक्ने, वनवे (oneway)तोक्ने ।

ज) निजी तथा सार्वजनिक सवारी साधनहरुको लागी श-शुल्क पार्किङ स्थलको निर्माण र संचालन गर्ने ।

झ) गाँउक्षेत्र भित्र संचालन हुने सबै किसिमका सार्वजनिक सवारी साधनको पार्किङ स्थलका साथै सवारी साधन रोक्ने ठाउँ तय गर्ने ।

ञ) यस गाउँपालिका अन्य स्थानीय तहमा दर्ता भएका सवारी साधनहरु यस गाँउ क्षेत्रभित्र प्रवेश गर्दा यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरुलाई अनिवार्य रुपमा पालन गर्नु पर्नेछ ।



CamScanner

## ४. कार्यविधि कार्यान्वयनका लागी कार्यदल

यो कार्यविधि अनुरुप सवारी साधन व्यवस्थापन एवं सञ्चालनका लागी गर्नु पर्ने आवश्यक निर्णयहरु गर्ने प्रयोजनका निम्ती निम्न बमोजिम कार्यदल रहने छ ।यो कार्यदलले गरेको सिफारिस अनुसार कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

क.गाउँपालिका अध्यक्ष वा अध्यक्षले तोकेको कार्यपालिका सदस्यः- संयोजक

ख.सम्बन्धित सवारी साधन व्यवस्थानपनका लागी गठित संस्थाहरु भए संस्थाको तर्फबाट गाँउपालिकाले माग गरे बमोजिम आएको प्रतिनिधि र संस्था नभए व्यवसायी मध्येबाट दुई जना -सदस्य

(पुनश्चय:जुनवर्गको सवारी साधनको विषयमा निर्णय लिन वा सिफारिस गर्नुपर्ने हो सोही वर्गको सवारी साधनको संस्थाको प्रतिनिधि वा व्यवसायीलाइ समेत आमन्त्रित सदस्यको रुपमा राखिने छ) ।

ग. जिल्ला ट्राफिक कार्यालय वा पालिका स्थित प्रहरी चौकीको प्रमुख वा प्रतिनिधि - सदस्य

घ. गाँउपालिकाभित्रका नागरिक समाजको सदस्य- सदस्य

ङ. जिल्ला स्थित यातायात कार्यालयको प्रमुख वा प्रतिनिधि- सदस्य (आमन्त्रीत)

च. उद्योग बाणिज्य संघका प्रतिनिधि - सदस्य

छ. नगरप्रहरी प्रमुख - सदस्य

ज.अध्यक्षले तोकेको वा मनोनयन गरेको कार्यपालिका सदस्यमध्येबाट महिला सदस्य एक जना-सदस्य

झ.गाउँपालिकाको वडा अध्यक्षमध्येबाट एक जना-सदस्य

ञ.गाउँपालिका कार्यालयको प्रशासन शाखाको प्रमुख- सदस्य सचिव

## ५. कार्यविधि लागु हुने

पाल्हिनन्दन गाउँपालिका भित्र सन्चालन हुने टेम्पो,अटो रिक्सा र इ-रिक्साको हकमा लागु हुनेछ ।

## ६. सवारी साधनको दर्ता र नविकरणः

क. गाउँपालिका भित्र चल्ने तथा स्थानिय सरकार संचालन ऐन २०७४ ले गाँउपालिकाले नियमन गर्न पाउने टेम्पु,इ-रिक्सा र अटो रिक्सासवारी साधनहरु गाँउ कार्यापालिकाको कार्यालयले तोकेको प्रकृया पुरा गरी लाग्ने शुल्क सहित अनुसूची-१ को ढाँचामा निबेदन दर्ता गराउनु पर्नेछ । कार्यालयले सवारी नम्बर बितरण गर्दा टेम्पु,अटो रिक्सा सवारीमा संकेत जोर अंकमा र ई-रिक्साको नम्बर बितरण गर्दा बिजोर अंकमा उपलब्ध गराउने छ। साविकमा गाँउपालिकामा रकम दाखिला गरी सिफारिस पत्र गरेको आधारमा कार्यालयबाट निर्धारण गरिए

बमोजिम ढाँचाको रूट ईजाजत प्राप्त गरी संचालनमा रहेका सवारीमा वार्षिक नविकरण दस्तुर लिई अध्यावधिक गर्ने र गाँउपालिकाबाट सिफारिस लिई पाल्हिनन्दनगाउँपालिकाको कार्यपालिकाबाट पारित दररेट बमोजिम दर्ता सिफारिस लिई सो पश्चात नबिकरण दस्तुर असुल गरी अद्यावधिक गर्दै लगिने छ ।

ख.गाउँपालिका को सवारी दर्ता प्रमाण पत्र अनुसूचि २ बमोजिमको ढाँचामा हुनेछ ।

ग. नियम ६ को उप-नियम (क) बमोजिम दर्ता भएका सवारी साधनहरुले प्रत्येक साल तोकिएको दस्तुर बुझाइ नविकरण गर्नु पर्नेछ । नविकरणका लागी अनूसुचि-३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

घ. दर्ता वा नविकरण गरिने सवारी साधनको इन्जिन लगायत अन्य कन्डीसन राम्रो हुनपर्नेछ। राम्रो कन्डिसनमा नरहेको, इयाल ढोका टुटफुट भएको सवारी साधनको दर्ता/नविकरण प्रकृया रोक्का राख्न सक्नेछ।

ङ.गाउँपालिकाले टेम्पु,इरिक्सा र अटोरिक्सा सवारी दर्तानविकरण शुल्क तोक्नेछ। शुल्क/कर नबुझाइ सवारी साधन चलाउन पाइने छैन

च. गाँउ कार्यापालिकामा दर्ता, बाटो ईजाजतनगरी / नगराई कुनैपनि सार्वजनिक सवारी साधान संचालन गर्ने पाइने छैन ।

छ. सवारी साधन संचालन गर्दा चालकको अनिवार्य रुपमा चालक अनुमति पत्र र सवारी साधनको अनिवार्य वीमा हुनपर्ने छ ।

ज.पाल्हिनन्दन गाउँपालिकाबाट जारी हुने बाटो ईजाजत प्रमाण-पत्रको रंग पहेंलो हुनेछ।

झ. प्रत्येक आर्थिक बर्षको असोज मसान्त भित्र सवारी नबिकरण गराउनु पर्नेछ । तोकेको समयाबधि भित्र नबिकरण नगराएमा लाग्ने शुल्क दस्तुरमा पहिलो बर्ष १० प्रतिशत त्यस पछि क्रमश प्रत्येक वर्ष ५ प्रतिशतले थप जरिवाना लाग्नेछ ।

(अ) दर्ता गर्दा लाग्ने दस्तुरहरु :-

१. टेम्पो, अटो रिक्साको दर्ता दस्तुर रु.१०००/-

२. ई रिक्साको दर्ता दस्तुर रु.८००/-

आ) नविकरण तर्फ :- (ई-रिक्सा, अटो रिक्सा र टेम्पो)

१. ई रिक्सा, टेम्पो, अटो रिक्साको बार्षिक नविकरण दस्तुर रु.५००/-

ई) दर्ता/ नविकरणका लागि आवश्यक कागजात

१. यातायात कार्यालयबाट जारी सवारी धनी प्रमाण पत्र

२.वीमा (कम्तिमाThird Party Insurance भएको हुनुपर्ने)

३. सवारी धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

अन्य कागजात



पाल्हिनन्दन गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय

CamScanner

१. सवारी चालकको चालक अनुमतिपत्रको प्रतिलिपि

ञ.गाउपालिकाबाट जारी गरिएको प्रमाणपत्र हराएमा वा झुत्रो भएमा प्रतिलिपी लिन सकिनेछ र सो बापत पालिकाले प्रतिलिपी दस्तुर रु.५००/-लिन सक्नेछ ।

ट.सवारीसाधन दर्ता गर्दा अनुसुची-५ बमोजिमको ढाँचामा कार्यालयमा साना सवारी अभिलेख लगत रजिष्टर राख्नु पर्नेछ र सोही बमोजिम प्रतिलिपी जारी गर्दा गर्नुपर्नेछ ।

७. सवारीको दर्ता नम्बर राख्नु पर्ने

प्रत्येक सवारीमा यस कार्यबिधिको अनुसूचि ४ को ढाँचामा उल्लेख भए बमोजिम अक्षर र अङ्क देखिने स्थानमा दर्ता स्टीकर (sticker)टाँस गर्नुपर्नेछ ।

क.सार्वजनिक सवारीको लागि कालो प्लेटमा सेतो अक्षर/अङ्क, संस्थानको सवारीमा पहेलो प्लेटमा निलो सेतो अक्षर/अङ्क र निजी सवारीको लागि पहेले प्लेटमा कालो अक्षर/अङ्क हुनुपर्ने तथा प्लेटमा लेखिने अक्षर/अङ्क कम्तिमा ३ इन्च अग्लो र आधा इन्च मोटो हुनुपर्ने

ख.सवारी नम्बर प्लेट स्टीकरमा वा भएसम्म नम्बर प्लेट कम्तीमा २० गेजको धातुबाट बनेको पातामा हुनुपर्ने,

ग.सवारी साधनको कोड देहाय बमोजिमको हुने ।

| सवारीको प्रकार | सार्वजनिक | संस्थान | निजी |
|---|---|---|---|
| कोड | स | व | न |

८. पार्किङ स्थल

क.पार्किङ्ग स्थल आवश्यक परेमा गाउँपालिकाले तोके बमोजिमको पार्किङ स्थलमा सवारी साधनहरु पार्किङ गर्नु पर्नेछ तोकिए बमोजिम बाहेक अन्यत्र वा नो पार्किङ लेखिएको एरियामा निजी वा सार्वजनिक सवारी साधन पार्किङ गर्न पाइने छैन ।

ख. गाउँपालिकाले कार्यपालिकाको निर्णय बमोजिम सवारी साधनलाई अलग अलग स्थानमा वा एकै ठाउँमा अलग अलगकोलम (क्षेत्र) बनाएर पार्किङ स्थल तोक्न सक्नेछ तोकिएको पार्किङ स्थलमा सवारी राख्नु सबैको कर्तव्य हुनेछ गाउँपालिकाले विभिन्न समयमा सुचना प्रकाशित गरी पार्किङ स्थल तोक्ने सक्नेछ ।

## परिच्छेद-३

९. पुरस्कारको ब्यवस्थाः

क. गाउँपालिका भित्र दर्ता रही सन्चालनमा रहेका सवारी साधनहरुले गाउँपालिकाको कार्यविधि बमोजिम दर्ता, नियमित नविकरण र नियमानुसार सन्चालन गरिरहेका चालक एवं व्यवसायीहरुलाई पुरस्कृत गर्न सक्नेछ ।

१०. उजुरी र सुनुवाईः

यस कार्यविधि लागु भए पश्चात सवारीधनी वा यात्रुको कुनै गुनासो वा समस्या भएमा अनुसुची-६ बमोजिमको ढाँचामा गा.पा.कार्यालय वा गा.पा.को न्यायिक समितिको सचिवालय वा नजिकको प्रहरी कार्यालयमा लिखित निबेदन वा उजुरी दिन सक्नें छ र सोको सुनुवाई सम्बन्धित सवारीधनीसंग लिखित वा मौखिक जवाफ वा दुबै माग गरी सवारीधनी वा निजकोको अख्तियारवालालाई उपस्थित गराई न्यायिक समितिको सचिवालय वा गा.पा.अध्यक्षको सचिवालयमा सुनुवाई गरिनेछ। सवारीधनी वा यात्रु जो सुकै दोषी ठहर भएमा कार्यविधिको दफा १२को उपदफा (ग) बमोजिम हुनेछ ।

**११. सवारी भाडा** :गाउँपालिका भित्र चल्ने यात्रु वाहक सवारी साधनहरुको सवारी भाडा गाँउपालिकाले नेपाल सरकारको नितिमा फरक नपर्ने गरी व्यवसायीहरु समेतको परामर्शमा तोक्नेछ त्यसरी तोकिएको सवारीको भाडा दर सर्वसाधारण जनताले देख्न पाउने गरी विभिन्न ठाउँमा होडीङ बोर्ड बनाइ राखिनेछ ।

**भाडाको दर**

क.० देखी २ कि.मि. प्रति यात्रु -ने.रु २५/-

ख.२ देखी माथि सम्म प्रति कि.मि.प्रति यात्रु ने.रु. १० /-

ग.बुकिङ्ग वा रिजर्वमा

अ.१ (एक) दिनका लागि रु.१०००-१५०० ५० कि.मी.भन्दा बढि भएमा

आ.आधा दिनका लागि रु.८००-१२००

इ. बुकिङ्ग वा रिजर्वमा जादा ५ कि.मी.भित्र जानु परेमा रु.२००-२५०

पुनश्चय आधा दिन भन्ने दिउसो २:०० बजेसम्म र दिन भन्नाले समय र परिस्थिति अनुकुल भएमा ७:०० बजे सम्म बुझ्नुपर्नेछ ।

घ.भाडा दरमा हेरफेर गर्नु परेमा कार्यबिधिको दफा ४ बमोजिमको समितिले निर्णय गर्न सक्नेछ।

## परिच्छेद-४

**१२. दण्ड जरिवाना**

क. यो कार्यविधिको दफा ६ को क र घ मा उल्लेखित व्यवस्थाको उल्लघन गरी सवारी चलाउने लाइ प्रथम पटक १५००/- जरिवना गरी सवारी दर्ता गर्न लगाएर मात्र संचालन गर्न दिइने छ ।उक्त जरिवना नबुझाए सम्म गाँउभित्र सवारी साधन संचालनमा रोक लगाँउन सकिनेछ ।

ख.यो कार्यबिधिले तोके बमोजिमको सवारी भाडा दर पालना नगरे पाईएमा प्रथम पटक रु.५००/- द्रोस्रो पटक रु.८०० र तेस्रो पटक रु.१००० जरिवाना गरिनेछ र सो भन्दा बढि पटक वा पटक पटक उलङ्घन गरेको पाइएमा निजको सवारी दर्ता प्रमाण पत्र रद्द गरी पालिका भित्र सवारी चलाउन निषेध गरिनेछ ।

ग. यो कार्यबिधिले तोके बमोजिमको सवारी भाडा दर वा सवारीधनीको ब्यवहार वा यात्रुले गरेको दुर्व्यहार गरेको पाइएमा रु.१५०० देखि ५००० सम्म जरिवाना गर्न सकिनेछ र सो रकम गा.पा.को संचित कोषमा जम्मा गरिनेछ ।

**१३.कर्मचारी व्यवस्थापन गर्ने** :व्यवसायीहरुको अनुरोधमा गाउँपालिकाभित्र तोकिएको पार्कीङ्गको रेखदेख तथा व्यवस्थापनको लागि कार्यालयले एक जना कर्मचारीको व्यवस्थापन गर्न सक्नेछ । तर यसरी खटिएको कर्मचारीको तलवम तथा अन्य सुविधाको दायित्व व्यवसायीहरुमा निहित हुनेछ।

**१४. थप ब्यवस्था :**

क.यस गाउँपालिकामा दर्ता भएका सम्पुर्ण अटोरिक्सा तथा ईरिक्साहरु सरावल गाउँपालिका र पाल्हिनन्दन गाउँपालिकाको क्षेत्रका तोकिएका रुटमा निर्वाध रुपमा सञ्चालन हुन सक्नेछन्। तर रोटेशन अनुसार सवारी साधन सन्चालन गर्नुपर्नेछ ।

ख. पालो प्रणाली (Queue System) व्यवस्थापनको लागि पाल्हिनन्दन गाउँपालिका तथा सरावल गाउँपालिकाको समन्वयमा कर्मचारी खटाएर सुरक्षानिकाय तथा ट्राफिक प्रहरीको समन्वयमा संचालन गरिनेछ ।

ग. संघीय सरकारको कानून सँग बाझिएको हद सम्म यो कार्यविधि निष्कृय हुनेछ ।

घ. यो कार्यविधिको व्याख्या गर्ने अधिकार पाल्हिनन्दन गाउँपालिकालाई हुनेछ ।

**१५. परिमार्जन तथा संशोधन:**

आवश्यक्ता अनुसार यो कार्यविधि कार्यपालिकाको बैठकबाट निर्णय गरी संशोधन,थपघट वा परिमार्जन गर्न सकिनेछ ।

**१६. बाधा अडकाउ फुकाउ:**

यो कार्यविधि कार्यान्वयनका लागी यसको मुल मर्ममा फरक नपर्ने गरी गाँउकार्यापालिकाको कार्यालयको सम्बन्धित शाखाले आवश्यक्ता बमोजिमको विभिन्न ढाँचाका निबेदन, फारम, प्रमाणपत्र इत्यादी तयार गरी कार्यन्वयन गर्न सक्ने छ र कार्यान्वयनको शिलशिलामा कुनै बाधा हुन आउने भएमा कार्यपालिको निर्णय अनुसार बाधा अडकाउ फुकाउ गर्न सकिनेछ ।

**१७. खारेजी** : पाल्हीनन्दन गाउँपालिकाको यातायात तथा सवारी व्यवस्थापन सम्बन्धि कार्यविधि-२०७९ खारेज गरिएको छ ।

पाल्हिनन्दन गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश,नेपाल

बैजु प्रसाद गुप्ता(विनय)
अध्यक्ष
पाल्हीनन्दन गाउँपालिका

अनुसूची - १
(दफा ६ को उपदफा क सँग सम्बन्धित)
साना सवारी दर्ताको निवेदन फारामको ढाँचा

मिती -

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
पाल्हिनन्दन गाउँपालिका , नवलपरासी (ब.सु.प.)।

विषय - साना सवारी दर्ता सम्बन्धमा ।

महोदय,
निम्नलिखित विवरण बमोजिम साना सवारी साधन दर्ता गर्न यो निवेदन पेश गरेको छु/छौं । पेश गरेको विवरण ठिक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुला वुझाउँला ।

१. सवारी धनीको नाम :-
२. सवारीको किसिम :-
३. सवारी निर्माण कम्पनीको नाम :-
४. सवारी बनेको साल :-
५. मोडेल नं.:-
६. सिलिण्डर संख्याः-
७. चेसिन नं.-
८. हर्ष पावर (सि.सि.):-
९. सवारीको रंग :
१०. सवारीको सिट/वजन क्षमता :-
११. पेट्रोल/डिजल/व्याट्रीः-
१२. खरिद भै आएको व्यक्ति वा फर्मको नाम :-
१३. भन्सार तिरेको प्रमाणः-
१४. सवारी खरिद भै आएको मिति :-
१५. सवारी खरिद गरेका बिल प्रमाणहरु
१६. प्रयोग :-
१७. चलाउने इलाका
१८चालकको नाम तथा चालक अनुमतिपत्र नम्वरः .
१९. वीमा कम्पनी/जारी मिति/अन्तिम मितिः

निवेदक -
नाम -
ठेगाना-
दस्तखत -
फोन नः-

अनुसूची-२

दफा ६ को उपदफा ख सँग सम्बन्धित

साना सवारी दर्ताको प्रमाण पत्र ढाँचाँ

पाल्हिनन्दन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बेलासपुर, नवलपरासी (ब.सु.प.)

साना सवारी दर्ता प्रमाण पत्र

सवारी को दर्ता नं.

फोटो

सवारीको किसिम :-

दर्ता मिति :-

सवारी धनीको नामः-

ठेगानाः

सिट क्षमता

वीमा अवधिः

............................ ........................ ...........................

सवारी धनीको हस्ताक्षर पेश गर्नेको हस्ताक्षर प्रमाणित गर्नेको हस्ताक्षर

नोटः यो प्रमाणपत्र हराई कसैले भेटाएमा पाल्हिनन्दन गाउँपालिकाको कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाई सहयोग गरिदिनुहुन अनुरोध छ ।

प्रमाण पत्र नविकरण

सवारी नम्बर

| नविकरण गरेको मिति | म्याद पुगेको मिति | वीमा समाप्त हुने मिति | चलाउने इलाका | प्रमाणित गर्ने अधिकृतको हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सवारी धनीले ध्यान दिनुपर्ने कुराहरु

१. करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनमा लाग्ने कर प्रत्येक आर्थिक वर्षको साउन मसान्त सम्ममा दर्ता नविकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्याद भित्र बुझाई सक्नुपर्नेछ अन्यथा कानुन बमोजिम जरिवाना लाग्नेछ ।

२. प्रमाणपत्र हराएमा, नासिए वा चोरिएमा सवारीधनीले सो कुरा उल्लेख गरी सम्बन्धित ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित सवारी दर्ता रहेको कार्यालयमा १५ दिन भित्र निवेदन दिनुपर्नेछ ।

३. सवारी नम्बरप्लेट राख्दा सार्वजनिक सवारी भएमा कालो प्लेटमा सेतो अक्षर हुनुपर्छ ।

४. यो प्रमाणपत्र हराई कसैले पाएमा पाल्हीनन्दन गाउँपालिका कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु होला ।

५. यस कार्यालयको स्वीकृत दर्ता प्रमाणपत्रमा उल्लेख भएको कुरा फरक पर्ने गरी सवारीको किसिम, सिट क्षमता, रह, ईन्जिन, चेसिस तथा अन्य पाटपुर्जाहरु परिवर्तन वा हेरफेर गर्नुहुदैन ।

६. एक प्रयोजनको लागी दर्ता भएको सवारी अर्को निम्ति प्रयोग गर्न पाईनेछैन ।

७. सवारी साधन कर तिर्नुपर्ने सवारीहरु नविकरण गर्दा वा सोको प्रतिलिपी लिदा गर्दा नम्बर परिवर्तन गर्दा सवारी साधन कर अध्यावधिक गरेको हुनुपर्छ । साथै नम्बर परिवर्तन, हेरफेर आदि दर्ता सवारी साधन कार्यालयमा ल्याउनुपर्दछ ।

८. दर्ता भएको सवारी कुनै किसिमको नासिएमा वा काम नलाग्ने गरी सधैका लागि विग्रिएमा वा सधैका लागि नेपाल बाहिर लगिएमा सवारीधनीले सो भएको मितिले ३० दिन भित्र दर्ता प्रमाणपत्र साथै राखी सवारीको लागतकट्टा गर्न निवेदन दिनुपर्नेछ ।

९. पाँच वर्षसम्म नविकरण नगरिएमा स्वतः दर्ता खारेज हुने र दर्ता खारेज भएको सवारी नियमानुसार लाग्ने जरिवाना तिरी पुनः दर्ता शुरु दर्ता गराउनुपर्दछ ।

CamScanner

अनुसूची - ३

(दफा ६ को उपदफा ग सँग सम्वन्धित)

साना सवारी नविकरण आवेदन फारामको ढाँचा

मिति-

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु
पाल्हिनन्दन गाउँपालिका, नवलपरासी (व.सु.प.)

विषय -साना सवारी नविकरण गरिपाउँ ।

महोदय,

निम्नलिखित विवरण वमोजिम साना सवारी साधन नविकरण गर्न यो निवेदन पेश गरेको छु/छौ । पेश गरेको विवरण ठिक साँचो छ झुट्टा ठहरे कानुन वमोजिम सहुला बुझाउँला ।

१. सवारी धनीको नाम :-
२. सवारीको किसिम :-
३. सवारी निर्माण कम्पनीको नाम :-
४. सवारी बनेको साल :-
५. मोडेल नं.:-
६. सिलिण्डर संख्या :-
७. चेसिन नं.:-
८. हर्ष पावर (सि.सि.):-
९. सवारीको रंग :-
१०. सवारीको सिट/वजन क्षमता :-
११. पेट्रोल/डिजल :-
१२. खरिद भै आएको व्यक्ति वा फर्मको नाम :-
१३. भन्सार तिरेको प्रमाण :-
१४. सवारी खरिद भै आएको मिति :-
१५. सवारी खरिद गरेका विल प्रमाणहरु :-
१६. प्रयोग :-
१७. चलाउने इलाका :-
१८. चालकको नाम तथा चालक अनुमतिपत्र नम्वर:
१९.वीमा कम्पनी/जारी मिति/अन्तिम मिति:

निवेदक -
नाम -
ठेगाना
दस्तखत -

## अनुसूची - ४
(दफा ७ संग सम्बन्धित )

### साना सवारी/ईरिक्साको नम्बर प्लेटको ढाँचा

| |
|---|
| पा.नं.१स/व/न<br>०००१ |

नोटः

- सार्वजनिक सवारीको लागि कालो प्लेटमा सेतो अक्षर/अङ्क, र संस्थानको सवारीमा पहेलो प्लेटमा निलो सेतो अक्षर/अङ्कहुनुपर्ने तथा प्लेटमा लेखिने अक्षर/अङ्क कम्तिमा ३ इन्च अग्लो र आधा इन्च मोटो हुनुपर्ने
- नम्बर प्लेट कम्तीमा २० गेजको धातुबाट बनेको पातामा हुनुपर्ने,
- सवारी साधनको कोड देहायबमोजिमको हुने

| सवारीको प्रकार | सार्वजनिक | संस्थान | निजी |
|---|---|---|---|
| कोड | स | व | न |

## अनुसुची-५
(दफा ६ को उपदफा ट सँग सम्वन्धित)

### साना सवारी अभिलेख लगत रजिष्टरको ढाँचा

| क.सं. | दर्ता नं. | दर्ता मिति | सवारी धनी को नाम | सवारी को किसिम | सवारी निर्माण कम्पनी को नाम | सवारी बनेको साल | चेसिस नं. | हर्ष पावर | रंग | सिट क्षमता | इन्धन को स्रोत | सवारी प्रयोग क्षेत्र | विमा | सवारीधनीको सहीछाप | | सवारीधनीको फोटो | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | दायाँ | बायाँ | | |
| | | | | | | | | | | | | | | | | | |

अनुसुची ६

(दफा १० सँग सम्बन्धित)

उजुरी वा निबेदनको ढाँचा

पाल्हीनजन्दन गाउँपालिका

गा.पा.कार्यालयको सचिवालय वा न्यायिक समितिको सचिवालयमा पेश गरेको

फिराद पत्र

जिल्ला नवलपरासी ................ गा.पा.वडा नं.................बस्ने बर्ष ................को जाहिरीले

पाल्हीनन्दन गा.पा. -वादी

विरुद्ध

जिल्ला नवलपरासी ................ गा.पा.वडा नं............को रुट नं./बाटोमा चल्ने गाडी

नं.........सवारीधनीको नाम (भए).............-प्रतिबादी

बिषय-................................

१.प्रस्तुत बिषयमा .................................................................................

२...................

३..............................

४.साक्षी/रोहवर/प्रमाण/................

निबेदक

जिल्ला न.प.....................गा.पा.

वडा नं.......बस्ने......................

वा

श्री न्यायिक समितिको सचिवालय वा गा.पा.कार्यालप

पाल्हीनन्दन गा.पा.कुश्मा नवलपरासी ब.सु.प.

बिषय-................................

महोदय,

प्रस्तुत बिषयमा ...................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

संलग्न प्रमाणहरु

१.

२.

३.

४.

निबेदक

जिल्ला न.प......................गा.पा.

वडा नं......बस्ने......................